संघीयताका लागि चाहिने ऐन–कानुनको खाँचो

संघीयता एउटा यस्तो व्यवस्था हो जसमा केन्द्रीकृत व्यवस्था जस्तो खटाई-खटाई अधिकार दिइरहनु पर्दैन। यसमा संविधान र ऐनकानुनले नै सबै तहका सरकारलाई अधिकारको व्याख्या गरेर स्वायत्तता प्रदान गरेको हुन्छ तर सबै कुरा संविधानमा लेखिरहन भ्याइँदैन।

■ धनविक्रम सिंह

नेपालले सदीयौंदेखि भोग्दै आइरहेको आर्थिक सामाजिक र सांस्कृतिक विषमतालाई अन्त्य गर्ने परिकल्पना गरी संघीयताको अवधारणा ल्याएको हो। यसका लागि तीन तहको सामानान्तर सरकारको गठन हाम्रो गणतान्त्रिक संविधानले गरेको छ। राजधानीमा एउटा संघीय सरकार, मुलुकभरिमा सातवटा प्रादेशिक सरकार र ७५३ स्थानीय सरकारमध्ये ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिकामा र २७६ नगरपालिकाको साथै २ जिल्ला थप गरी मुलुकलाई ७७ जिल्लामा विभक्त गरिएको छ।

सामानुपातिक रूपमा सबै प्रदेश र पालिका-पालिकाका जनताले विकासको फल उपभोग गर्न पाउनका लागि आफ्नो आवश्यकता आफैं पहिचान गरी देखिएका समस्या पन्छाइ माटोले मागेको र जनताको आवश्यकतालाई सम्बोधन गर्नेगरी विकास निर्माणका काम गर्न आफैं स्रोतसाधन जुटाई देश बनाउने काममा पालिकाहरूले इँटा थप्दै जाँदा समृद्धिको महल तयार गर्नसक्ने परिवर्तित व्यवस्थाले सपना सँगालेको छ। वर्तमान संविधानले यही मूल उद्देश्यको परिपूर्ति हेतु संघीयताको अवधारणा ल्याई तीनै तह सरकारको काम, कर्त्तव्य र अधिकार अनुसूचीहरूमा स्पष्टसँग तोकिदिएको छ।

संघीयताको अवधारणा अँगालेर विश्वमा आर्थिक सामाजिक रूपमा फलिफाप भइरहेर उन्नति गरिरहेको हामीले देखिरहेका छौं। हाम्रो जस्तो सानो राष्ट्र स्विट्जरल्याण्ड र सिंगापुरले आश्चर्यजनक रूपमा आर्थिक सामाजिक प्रगति गरेको हामीले अवगत गरिरहेका छौं। ठूला मुलुकहरूमा संयुक्त राज्य अमेरिका, भारत र चीन आदिले यही संघीयता शासन व्यवस्थाअर्न्तगत उन्नति-प्रगति गरेको छ। तर, सुरु-सुरुमा हाम्रोजस्तो विकासोन्मुख देशका लागि यो शासकीय व्यवस्था खर्चिलो र स्रोतसाधन जुटाउन गाह्रो त पक्कै हुन्छ तर केही समयपछि जब देशले समृद्धि हासिल गर्दै गएपछि जनताको जीवनस्तर उकासिँदै जाँदा उनीहरूको कर तिर्ने क्षमता पनि बढ्दै जान्छ।

अर्कोतिर हामीकहाँ प्राकृतिक स्रोतसाधन नभएको होइन तर त्यसलाई पहिचान गरी प्रविधिमैत्री बनाई उपयोग गर्न सीप विकास गर्नुको खाँचो छ। सधैं नदी र खोलाहरूको बालुवा, गेगर र बोल्डरमात्र पालिकाहरूको आम्दानीको स्रोत रहिरहनु हुँदैन। जहिले यसैमा भर पर्नाले र अनियन्त्रित उत्खननले नदी र खोलाको सतह समथर हुँदै जाँदा बाढीले गाउँघर खेतखलिहानमा पसी बितन्डा मच्चाएर धनजनको अपार क्षति पुऱ्याउने गरेकाले यसलाई नियन्त्रण गरेर अन्य प्राकृतिक स्रोत खोजी गर्नुपर्ने जरुरी छ। स्रोतसाधनको पर्याप्त उपलब्धता हुन थालेपछि विकास र समृद्धिको गति स्वत: परिचालित हुँदै जाने आशा संघीयताले गरेको छ।

संघीयता एउटा यस्तो व्यवस्था हो जसमा केन्द्रीकृत व्यवस्था जस्तो खटाई-खटाई अधिकार दिइरहनु पर्दैन। यसमा संविधान र ऐनकानुनले नै सबै तहका सरकारलाई अधिकारको व्याख्या गरेर स्वायत्तता प्रदान गरेको हुन्छ तर सबै कुरा संविधानमा लेखिरहन भ्याइँदैन। त्यसैले संविधानको मनसायनुसारको कानुन बनाउनुपर्छ। सवार ीसाधन द्रुतगतिमा चलाई लक्षित दूरीविना रोकावट तय गर्न त्यसमा इन्धनको जरुरी हुन्छ। इन्जिनले सही ढंगले काम गर्न त्यसका अन्य पार्टपुर्जाले ठीकसँग समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ/छैन जाँच गर्नुपर्छ।

नत्र बीचबाटामा रोकिन सक्छ वा दुर्घटना हुनसक्छ। त्यसरी नै संघीयताको टेम्पो द्रुत गतिमा चलाई मनोवाञ्छित प्रतिफल प्राप्त गर्न चाँडोभन्दा चाँडो आवश्यक ऐनकानुन तर्जुमा गरिसक्नुपर्ने हुन्छ। संविधान जारी भएको आठ वर्ष बित्न लाग्दासमेत संविधानले निर्दिष्ट गरेको क्षेत्रको ऐननियम बन्न नसक्नुका पछाडिके रहस्य छ ? यसको अभावमा संघीयता अगाडि बढ्न सकेको छैन।

राज्यको बागडोर सम्हालिराखेकाले केन्द्रीकृत शासन प्रणाली खल्तीबाट अधिकार प्रत्यायोजन गरिदिनुपर्ने जस्तो व्यवहार गरेको देखिन्छ। यसमा त संविधानले नै अधिकार दिएर तीनै तहलाई स्वायत्त बनाएको छ। सुरुमा नियमकानुन नबनाइदिएर जटिलता भएको हो। जनप्रतिनिधिको ठूलो जमात संविधानसभाले सबैको सहमतिमा संघीय ढाँचाको लोकतान्त्रिक गणतन्त्रको संविधान बनाएर लागू गर्दासमेत संघीयता पूर्णरूपमा कार्यान्वयन हुन नसक्नु, संविधानले निर्दिष्ट गरेनुसारको नियमकानुन बनाउन आलटाल गर्दै झुलाइराख्नुको अर्थ शक्ति आफूमै निहित भइरहोस् भन्ने द्वैद चरित्र संघले दर्शाइरहेको छ। शक्ति मोहको मानसिकताबाट जो कोहीले आफूलाई मुक्त नगरेसम्म संधान पूर्णरूपमा लागू भई संघीयताको सफल कार्यान्वयन हुन सत्तैन।

> राज्यको बागडोर सम्हालिराखेकाले केन्द्रीकृत शासन प्रणाली खल्तीबाट अधिकार प्रत्यायोजन गरिदिनुपर्ने जस्तो व्यवहार गरेको देखिन्छ। यसमा त संविधानले नै अधिकार दिएर तीनै तहलाई स्वायत्त बनाएको छ। सुरुमा नियम-कानुन नबनाइदिएर जटिलता भएको हो।

नेपालको संविधान भाग-५ को धारा-५६ को उपधारा-२ मा नेपालको राज्य-शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानुनबमोजिम गर्नेछन् भनी व्याख्या गरे तापनि सोअनुसार संघीय व्यवस्थापिकाले कानुन बनाउन सकेको छैन। न त प्रदेशसभा, गाउँसभा र नगरसभाले नै त्यस्ता नियमकानुन बनाई काम गर्नसकेको देखिन्छ। राज्य-शक्तिको बाँडफाँट संविधानको अनुसूची ५,६,७, ८ मा उल्लेख गरिएको छ। साथै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका बारेमा उल्लेख गरिएको छ। यी अधिकार र काम कर्तव्य संविधान, संघीय कानुन, प्रदेश कानुन र गाउँसभा/नगरसभाले बनाएको कानुनद्वारा व्यवस्थित हुनेछ। तर, प्रदेशसभा र स्थानीयसभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनुपर्नेछ। बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ संविधानमा उल्लेख गरिएको छ।

प्रदेश तहमा प्रदेश प्रहरी, प्रदेश निजाती सेवा र अन्य सेवा अनि लोकसेवा आयोग आदि अनेक अंगहरू कानुनको अभावमा गठन हुनसकेका छैनन्। प्रदेश निजामती सेवा प्रदेश लोकसेवा गठन नभएको भएर संघबाट खटाएर पठाइएको निजामती कर्मचारीहरू प्रदेश कार्यालयमा हाजिर नगराएर भकुण्डो झैं भइरहेका छन्। त्यस्तै प्रदेश प्रहरी गठन हुन नसकेर अन्तरप्रदेशीय र प्रदेशीय शान्ति सुरक्षामा अन्तरप्रदेशस्तरीय समन्वयमा बाधा परिरहेको छ। स्थानीय, प्रदेश र संघबीचमा आर्थिक, सामाजिक प्रशासनिक क्षेत्रहरूमा कामहरू गर्दा समन्वयको टड्कारो आवश्यकता पर्नेहुन्छ। समन्वयात्मक सम्बन्ध स्थापित भएमा कामको दोहोरोपना हुन पाउँदैन।

यसरी सीमित बजेटको दुरुपयोगबाट बच्न सकिन्छ। हुन पनि विगतका वर्षमा स्थानीयतहमा बेरुजुको पहाडै खडा भइसकेको छ भनी महालेखा परीक्षकले औंल्याइसकेको छ। यसरी काम गर्ने दक्षता, दूरदर्शिताको अभावमा स्थानीय तहले दिगो विकास, उपलब्धीजन्य काम ठम्याउन नसकिरहेको अवस्थामा वृद्धवृद्धा र बालबालिकालाई नगद वा जिन्सी बाड्ने गरेको देखिएको छ। सुरुवातीका केही वर्ष सही गोरेटो पहिल्याउन नसक्दा र सस्तो लोकप्रियताका लागि यस्तै नगद र जिन्सी बाँड्ने काम भइरहेको देखिएको छ।

संघीयता कार्यान्वयनमा देखिएका यस्ता अवरोधलाई पन्छाउन संविधानको मर्मानुसारको नियम, कानुन र ऐन यथाशीघ्र बनाउनु पऱ्यो। एकआपसमा गर्नुपर्ने समन्वयकारी भूमिका बारेमा ऐननियम बनाउन विलम्ब गर्नुभएन। आज ३२ वर्षदेखि राज्यसत्तामा हालीमुहाली गर्दै आएका नेताहरूले सत्ता र शक्ति हत्याउन सरकार बनाउन र ढाल्नमा यस्तो व्यस्त हुनेगरेका छन् कि अर्जुनलाई लक्ष्यभेदनका लागि राखिएको तारो माछाको आँखाबाहेक केही नदेखिए झैं आमचुनाव जितेर प्रधानमन्त्री र मन्त्री बन्ने दाउ अनि त्यो दाउ सफल पारिसकेपछि कसरी त्यही शासकीय कुर्सीमा टाँसिइरहने जुक्तिमै सम्पूर्ण दिमाग परिचालित भइरहेर अरू केही देख्ने र सोच्ने भएर दिमागमा ठाउँ नै बाँकिरहँदैन। एउटाले अर्कालाई पाखा लगाएर आफू सत्तामा हालीमुहाली गरिरहुँको ध्याउन्नमा अरू कुनै कुराको सोच राख्न भ्याउँदैनन् हाम्रा कार्यकारी नेताहरू।

यिनै नेताहरू र दल हुन् जो २००७ सालदेखि जनताले आफैंले बनाएको संविधान बमोजिम राज्यव्यवस्था कायम गरी लोकतान्त्रिक पद्धतिअनुसार शासन सञ्चालन गरी देशलाई समृद्ध बनाउँदै जनतालाई सुखी तुल्याउने वाचा गर्दै पटक-पटक जनतालाई आन्दोलनमा होमिन आह्वान गर्दै प्राप्त उपलब्धि अनुसार कार्यान्वयन गर्न आज किन मुख मोडिरहेका छन्। विचारणीय कुरो छ। यिनीहरूले सधैं हामीले नै मदारीले झैं बाँदर नचाइरहने मनोकांक्षा राखेको छ भने अब घण्टी बजिसकेको छ भन्ने कुरा भर्खर सम्पन्न उपचुनावको परिणामले त्यो दिन दूर छैन जब अर्को मदारी असल र सार्थक नाच देखाउन आउँदैछन्। त्यस कारण कि त सच्चिन कि त सक्किनुपर्ने बेला आइसकेको छ। सावधान !!

लोकगाथा, राजा सलहेस र सहलेस फूल

सिरहा जिल्लामा पूर्वकर्णाटकालीन अवशेष रहेका छन्। अत्याधिक सम्मान पाएका राजा सलहेस देवताभन्दा पनि लोकनायक थिए। सलहेस गाथामा वर्णन गरिएअनुसार राजा सलहेसले एकैदिनमा मानिकदहमा नुहाउने, फूलबारीमा फूल टिप्ने, सिलहट अखाडामा कुस्ती खेल्ने तथा कुलदेवीको पूजा गरी कञ्चनगढमा पीरमार्का सुन्ने गर्दथे।

■ ललितकुमार यादव

फूल फुल्नु र निश्चित समयपछि ओइलिनु कुनै अनौठो कुरा होइन। यो प्रकृतिको स्वभाविक नियमभित्रै पर्छ। यसलाई तपाईं हामी जो कोहीले पनि स्वभाविक रूपमै लिनुपर्छ र लिने गरेका पनि छौं। तर अनौठो र आशचर्यजनक त्यतिबेला हुन्छ, जब कुनै फूल वर्षको एकचोटि मात्र त्यो पनि निश्चित दिनमात्र फुल्ने गर्छ। हरेक वर्ष विक्रम सम्वत् पात्रोको नयाँ वर्षको दिनमात्र फुल्ने फूल रहस्यमय रहेको छ। सलहेस फूलबारीमा नयाँ वर्षलाई स्वागत गर्नैका लागि फुल्ने गरे जस्तो फूल फुल्ने गरेको छ।

त्यो फूल आफैंमा निकै प्राचीन छ। त्यसमा बेरिने फूलको कथा उस्तै पूरानो हो। उक्त फूल हेर्न नयाँ वर्षको दिन भारतबाट समेत असंख्य श्रद्धालु र भक्तजनहरू आउने र मेला भर्ने गर्दछन्। नेपालको सिरहा, सप्तरी, सुनसरी, उदयपुर, सिन्धुली, धनुषा, महोत्तरी र सर्लाहीबाट सर्वसाधारण ती फूल हेर्न आउने र मेला भर्ने गर्दछन्। प्रत्येक नयाँ वर्षको पहिलो दिन अर्थात् वैशाख १ गतेका दिनमात्र फुल्ने फूलको दर्शन गर्न सलहेश फूलबारीमा हरेक वर्ष ठूलो मेला लाग्ने गर्छ। फूलबारीमा रहेको हारमको बोटमा वैशाख १ गतेका दिनमात्र रहस्यमय अनौठो फूल फुल्ने र सोही दिनको साँझपख सो फूल ओइलाएर जान्छ। स्थानीयका अनुसार हारमको त्यो रूखमा झुण्डिएर फुल्ने फूल भने लोकदेवता सलहेसको प्रेम प्रतीक हो।

सलहेस फूलबारी सिरहा जिल्लाको लहान नगरपालिकाको पडरियामा रहेको धर्मिक तथा ऐतिहासिकस्थल हो। कतिपयले जसलाई फूलबारी मेला भनेर पनि चिन्ने गर्छन्। नेपालको पूर्वपश्चिम राजमार्गमा लहानबार करिब चार किलोमिटर पश्चिममा रहेको सिरहाको पडरिय चोकदेखि दक्षिणमा ऐतिहासिक तथा प्राचीन राज सलहेसको मन्दिर र मन्दिरछेउमा फूलबारी रहेको छ। करिब नौ बिघामा फैलिएको सो फूलबारी दुसाध र दनुवार जातिका इष्ट देवता सलहेसको फूलबारीको नामले प्रसिद्ध रहेको छ। फूलबारीको मध्यभागमा रहेको हारम नामको रुखको हाँगामा प्रत्येक वर्ष नयाँ वर्षको दिन एकाबिहानै कसैले रातमा नै लगेर झुण्ड् याइदिएजस्तो एकदिनका लागि माला आकारको सेतो सुनाखरी फूल्ने गर्छ।

अचम्म के छ भने साँझपख फूल ओइलाएर जान्छ। सो फूल सातौं- आठौं शताब्दीदेखि फुल्दै आएको विशवास गरिएको छ। वनस्पतिविदहरूले अर्किडको फूल भन्ने गरेको उक्त फूल फुल्ने रूखलाई भने स्थानीयले हारमको रूख भन्ने गरेका छन्। फूल जति आकर्षक र लोभलाग्दो हुन्छ, त्यसको रहस्य पनि त्यति नै रोचक र अनौठो छ। फूलबारी वरिपरिका बासिन्दाका अनुसार अन्य कुनै दिन सो फूल देखिँदैन्। प्रकृतिको यस अनौठोरूपलाई दैवीशक्तिको रूपमा लिने गरेका छन्, विश्वास गर्नेहरूले। उक्त फूल बारे अनुसन्धान गर्न जरुरी छ। यद्यपि सलहेस गाथामाथि विश्वासगर्ने सलहेसका प्रेमिका मालिनी सलहेसको दर्शन गर्न फूलका रूपमा उक्त दिन प्रकट हुने गरेको विश्वास व्यक्त गर्छन्। वैशाख १ सलहेस र मालिनीका लागि प्रणय दिवस रहेको विश्वास गर्न सकिन्छ।

हारमको रूख नजिकै राजा सलहेस र मालिनीको मन्दिर अर्थात् मैथली भाषामा भनिने गहबर छ। त्यहाँ गरेको भाकल पूरा हुने जनविश्वास रहिआएको छ। युवायुवतीले उक्त फूललाई साक्षी मानेर प्रेमसूत्रमा बाँधिने गर्छन्। नि:सन्तान महिलाले सलहेस फूलबारीमा दर्शन गरेर सन्तान माग गर्दा सन्तान पाएपछि ती सन्तानको मुण्डन गराउन पनि यहाँ आउने गरेका छन्। गहबरमा राजा सलहेस र मालिनीको भव्य मूर्ति रहेको छ। मन्दिर पछाडि इनार र बालीगंगा नदी बग्ने गरेको र इनार कहिलेकाँही अपर्झटरूपमा मात्र देखिने गरेको पुजारीको भनाइ रहेको छ।

सिरहा जिल्लामा पूर्व कर्णाटकालीन अवशेष रहेका छन्। अत्याधिक सम्मान पाएका राजा सलहेस देवताभन्दा पनि लोकनायक थिए। सलहेस गाथामा वर्णन गरिएअनुसार राजा सलहेसले एकैदिनमा मानिकदहमा नुहाउने, फूलबारीमा फूल टिप्ने, सिलहट अखाडामा कुस्ती खेल्ने तथा कुलदेवीको पूजा गरी कञ्चनगढमा पीरमार्का सुन्ने गर्दथे। सलहेस गाथासँग जोडिएका ऐतिहासिक ठाउँहरू सिरहा जिल्लाको जनजीवनसँग गहिरो सम्बन्ध राख्दछ। पुरातात्विक महत्त्व बोकेका अवशेषको उत्खनन् गरी यसको विकास गर्न सके आन्तरिक र बाह्य पर्यटक भित्र्याउन टेवा पुग्ने विश्वास स्थनीय जनताको रहेको छ।

राजा सलहेस को हुन् ?

मिथिलाको हावापानी, खेतखलियान, गाउँघर, पशुपक्षी, वनजंगल तथा मिथिला क्षेत्रको लोकनाच सर्वत्र लोकप्रिय पात्र हुन्, राजा सलहेस। राजर्षि राजा जनकपछि मिथिलामा उनलाई प्रादुर्भाव भएको व्यक्तित्व मानिन्छ। मिथिलामा आफ्नो पराक्रम र चामत्कारिक नेतृत्वले गर्दा आजसम्म उनको चर्चा छ। उनको जन्मस्थान महिसोथा हो र वास्तविक नाम भने जयवर्धन सैलेश रहेको थियो। छैटौं-सातौं शाताब्दीतिर त्यसबेला मिथिला भूमिको गढ महिसोथा भन्ने ठाउँ थियो। त्यो ठाउँ अहिले सिरहा नगरपालिकामा पर्दछ। त्यसबेला त्यहाँका भूपाल सोनम र मन्दोदरीबाट एउटा इन्द्रस्वरूप वीरबालक जयवर्धन (सलहेस)को जन्म भयो। सलहेस सानैदेखि सौर्यवान, प्रखर बुद्धिका र शौर्यशाली थिए।

मूलत: लोकगाथाका नायकका रूपमा रहेकाले यिनीबारे पर्याप्त अध्ययन हुन सकरको छैन। हालको समयमा सलहेसलाई एक खास जातिमा सीमित पारिएको, उक्त जाति दलितमा दरिएको र दलितहरूको समुचित पहुँच शिक्षा तथा अध्ययन अनुसन्धानका क्षेत्रमा हुन नसकेकोले पनि यिनीबारे खासै ऐतिहासिक अध्ययन हुन नसकेको हुन सक्छ। यद्यपि मैथिली लोकगाथाबारे पर्याप्त कार्य गरेका डा.ब्रजकिशोर बर्मा, मतिनाथ झा, डा.पूर्णानन्द दास, राजेश्वर झा आदि इतिहासकारले केही अध्ययन गरेका छन्।

यिनी कुनै दन्त्य कथाका पात्र होइनन्, न त पुराणका यशस्वी राजर्षि नै हुन्। उनी त्यतिबेला राजा भए तापनि लोककल्याणमा सक्रिय थिए जसकारण उनी जनताका प्रियपात्र बने। त्यसै ले आज आममानिस नै यिनको अमरत्वको रक्षक बनेका छन्। उनको व्यक्तित्वमा अचम्मको आकर्षण पाइन्छ। प्रेम, प्रकृति, शौर्य, न्याय र नेतृत्व सबै गुणमा उनी सबल मानिन्थे। सलहेसमात्र नभएर उनका सहयोगी पात्रहरू पनि देवताझैं पुजिन्छ। पूर्वी नेपाल र उत्तरी बिहार अर्थात् मिथिला क्षेत्र उनको कर्मथलो रह्यो। मिथिलामा अन्याय, अत्याचार र अराजकता बढेको समयमा सलहेसको प्रादुर्भाव भएको थियो। उनी मिथिला क्षेत्रमा अन्याय र अत्याचारविरुद्ध लडेका एक विद्रोही पात्र पनि हुन्। अहिले पनि तराईका दुसाध र दनुवार समुदायले उनलाई देवताकै रूपमा पूजा गर्ने गर्छन्।

सलहेसको समय कृषिको प्रारम्भिक युग थियो। त्यसबेला उत्तरमा किरात प्रदेश, तिब्बत र भुटानतिरबाट आर्यवर्तमा अन्नबाली र पशु लुटेर लान बारम्बार आक्रमण हुने गर्थ्यो। बारम्बार हुने भोट र किरातको आक्रमणलाई रोक्न सलहेसका बुवा भूपाल सोनम तरेगना गढ (हालको लहान बजारभन्दा चार किलोमिटर उत्तरतर्फ)का राजा हिन्दुपति भण्डारीलाई सघाउन गए। भोट र किरातसँग भएको युद्धमा भूपाल सोनमले सहादत प्राप्त गरेपछि जेठो छोराको हैसियतले सलहेस महिसोथा गढको गढपति भए। सलहेस गढपति भएपछि कोशीदेखि पश्चिम गण्डकसम्म उत्तर हिमालका पदम प्रदेश र दक्षिण गंगासागरसम्म आफ्नो शैन्य संगठनलाई सुसंगठित पारेका थिए। सलहेसको समयमा मिथिला र किरातबीच राम्रो सम्बन्ध रहेको सलहेसका सेनापति केवल किरात नामका व्यक्ति हुनुले प्रमाणित गर्छ। सोही कालखण्डको अर्का गाथा नायक दिना-भद्रीको अनन्य सहयोगीका रूपमा जोगमल किरात रहेको प्रसंगले पनि यस तथ्यलाई बल प्रदान गर्छ। चीनका शानवंशी सम्राटका पालामा मिथिलामा हुन लागेको आक्रमणलाई विफल तुल्याउन सलहेस किरातहरूसँग मिलेर लडेको र आक्रमणलाई विफल तुल्याए भन्ने उल्लेख इतिसासकारले गरेका छन्।

सलहेस फूलबारीले विभिन्न किसिमको अतिक्रमण सहँदै आएको छ। यद्यपि अहिलेसम्म एउटा सानो जंगलको रूपम अस्तित्वमै छ। यस फूलबारीकै सेरोफेरोमा सलहेससँग सम्बन्धित अन्य ऐतिहासिक स्थान पनि छन्। उत्तरतर्फ मनिक दह छ भने पूर्वोत्तरमा पकडियागढ छ। यी ठाउँहरूलगायत धमनी माई र पतारीमा पनि वैशाख १ र २ गते मेला लाग्ने गर्छ। सिरहा जिल्लाभित्र सलहेसको गाथासँग जोडिएका अन्य धर्मिकस्थलको समेत खोजी गरी सरकारले संरक्षण गर्नुपर्छ। यसको प्रचारप्रसार, संरक्षण र सम्बर्द्धन गरी सिरहाको पर्टकीय स्थलको रूपमा विकास गर्नुपर्छ। यसले ग्रामीण अर्थतन्त्रमा टेवा पुग्नेछ। धर्मिक रूपमा नेपाललाई देश विदेशमा समेत चिनाउनेछ।

सामाजका हरेक वर्ग, जाति, समुदायले सम्मान, श्रद्धा र निष्ठा साथ सलहेसको नाम लिने र पूजा गर्ने गर्छन्। हाम्रो देशमा सबैले पुज्ने यस्तो अर्को कुनै दलित ऐतिहासिक व्यक्ति सायदै होलान्। सरकारले दलित वर्गलाई सम्मान दिन र समताको अनुभूति गराउनकै लागि भए पनि सलहेसबारे आधिकारिक अध्ययन/अनुसन्धान गराई सलहेस सर्किटको विकास गर्नुपर्छ। सलहेस मिथिलाका गौरवमय इतिहासका ऐतिहासिक पुरुष हुन्। सलहेसको बारेमा अध्ययन/अनुसन्धान गर्ने जिम्मेवारी मधेस सरकारको पनि हो। सलेसमा रहेका गुणहरू र उनको साहसको बारेमा देश विदेशमा प्रचार गर्न सक्नुपर्छ।

मिथिलाका जनताले सलहेसलाई जुन सम्मान दिने गरेका छन्, त्यसलाई सम्झेर मधेस सरकारले उनीसँग सम्बन्धित ऐतिहासिक स्थलहरूको संरक्षण र सम्बर्द्धन गरेर मधेसलाई धार्मिक पर्यटनको रूपमा विकास गर्नु पर्ने देखिन्छ। यसबाट मधेसले आर्थिक लाभ लिन सक्नुपर्छ। मधेसमा दलित वर्गका व्यक्तिले पनि ऐतिहासिक आधारमा कुन हदसम्मको सम्मान पाएइरहेको छ भन्ने सन्देश विश्वलाई दिन सकिन्छ। साथै सामाजलाई भेदभाव गर्न नहुने र समुदायबीच समन्वय बढाउन सकिन्छ।

राजा सलहेस अहिले पनि मिथिलामा पूजनीय र लोकप्रिय पात्र हुन्। अहिले पनि गाउँगाउँमा गीत र महराइका माध्यमले राजा सलहेसको गाथा गाउने चलन छ। मिथिला क्षेत्रको लोकनाचमा पनि राजा सलहेस त्यति नै चर्चित र लोकप्रिय हुन्। लोकनाचमा राजा सलहेसको नाच मन पराउने हरूको कमी थिएन। अहिले मैथली लोकनाच नै लोप हुने खतरामा परेको छ। यसका कालाकारहरू पलायन भइसकेका र पलायन हुने क्रममा छन्। राजा सलहेस अहिलेको युवावर्ग त्यति परिचित नभए पनि बुढापाकाहरूमा उनलाई नचिन्ने र उनलाई श्रद्धा नगर्ने कोही छैनन्। मिथिलाको यस्तो विभूतिलाई हालका आधुनिक शिक्षित सामाजमा पनि चिनाई राख्न फिल्म, कथा, कविता र टेलिफिल्मको साहारा लिनुपर्ने देखिन्छ। यसमा सम्बन्धित पक्षले पहलकदमी लिनुपर्ने देखिन्छ।

लिमीका चौंरी खर्कमा सार्न थालियो

दाने बोहरा/हिटा

हुम्ला, १६ वैशाख

वर्षायाम सुरु भएसँगै हुम्लाको उत्तरी नाम्खा गाउँपालिका-६ लिमीका चौंरी यतिबेला लेक (खर्क) मा सार्न सुरु भएको छ। जाडोयामको ६ महिना बेंसी झरेका चौंरी वर्षायाम सुरु भएसँगै ६ महिना लेकतिर चराउनका लागि लग्ने गरिन्छ। जाडोयाम सुरु भएसँगै गाउँमा ल्याइएका चौंरी वर्षा लागेपछि आजभोलि लेक (खर्क) लान सुरु गरिएको स्थानीय कुन्जोक लामाले बताउनुभयो। उच्च लेकाली क्षेत्रमा पालिएका चौंरी गर्मीमा लेक तथा जाडोमा बेंसी झार्ने गरिन्छ। लेकतिर लगेपछि घुम्तीगोठ बनाएर चौंरीपालन गर्ने लामाले बताउनुभयो। चौंरीपालक किसानले चरनका लागि चौंरीलाई गर्मी महिनामा लिमीको उच्च क्षेत्रमा रहेको इडखोलामा लाने गरेका छन्।

वडा-६ लिमीको तिनल, जाङ र हल्जी गाउँका स्थानीयले यतिबेला चौंरीलाई पालनका लागि गाउँभन्दा टाढा रहेको इडखोला लान सुरु गरेका हुन्। यी तीन गाउँमा झण्डै २०० भन्दा बढी चौंरी रहेको लामाले बताउनुभयो। ती सबै चौंरी लेकतिर सार्न सुरु गरिएको हो। उत्तरी नाम्खा उच्च क्षेत्र रहेकाले यहाँ अत्यधिक चिसो हुनुका साथै हिमपातसमेत हुन्छ। बेंसी झारिएका चौंरीलाई वैशाख लागेपछि पुन: लेक लाने गरिन्छ। यस्तै, जाडो समय बेंसी झारिएका सिमकोट, खार्पुनाथ, सर्केगाडलगायतका गाउँपालिकाका भेडाबाख्रा, गाईगोरुसमेत लेकतिर सार्न सुरु गरिएको छ।

सिमकोट-२ ठेहेका भेडापालक कालु बोहराले भन्नुभयो, 'जाडोमा बेंसीतिर झार्छौं गर्मी सुरु भएपछि फेरि लेकतिर लाने गर्छौं, जाडोले पशु चौपायामात्र नभई मानिसलाई समेत समस्या हुने भएकाले बेंसी झर्नु बाध्यता हुन्छ। वर्षायाममा गर्मी हुन्छ, लेकमा रहेका पाटनमा बुकी पलाउनुका साथै पशु चौपायाका लागि घाँस राम्रो पाउने हुँदा वैशाखबाट लान सुरु गरिन्छ।'

सिमकोट गाउँपालिकाका कृषकले चुवाखोलामा पशु चौपाया पालनका लागि लाने गर्दछन् भने चुवखोला उपयुक्त क्षेत्र हो। यहाँका किसानले ६ महिना लेकतिर र पाँच महिना बेंसीतिरको खर्कमा चौंरी तथा भेडाबाख्रा, गाईभैंसी पाल्दै आएका छन्। यस्तै, पालनका लागि जिल्लाबाहिर बझाङ, अछामलगायतका जिल्लामा लगिएका भेडाबाख्रासमेत यो समय लेकतिर ल्याउन थालिएको छ।

गलकोट क्षेत्र सिसी क्यामेराको निगरानीमा

डम्मर बुढा मगर/हिटा

बागलुङ, १६ वैशाख

वैदेशिक रोजगार तथा बढ्दो शहरी मोहले गर्दा गलकोटमा थुप्रै गाउँहरू रित्तिँदै गएका छन् भने बजार भरिभराउ भएका छन्। गाउँका केही घरमा वृद्धवृद्धाबाहेक अरू छैनन्। घरमा ताला ठोकेर कोही विदेशिएका छन् त कोही बजार झरिसकेका छन्। पछिल्लो समय ताला लगाइएका घर चोरी हुनेक्रम बढेको छ। चोरीका घटनासँगै गलकोट क्षेत्रमा आपराधिक घटनाहरू पनि बढिराखेका छन्। बजार क्षेत्रमा होस् या गाउँमा यस्ता घटनाले स्थानीयलाई त्रसित बनाएका छन्। बढ्दो आपराधिक घटना नियन्त्रणका लागि गलकोट नगरपालिकाले चासो देखाएको छ। नगरपालिकाले बजार क्षेत्रसँगै बढी आपराधिक घटना हुने स्थानलाई लक्षित गरी सिसी क्यामेरा जडान गरेको छ।

नगरपालिकाले हटिया बजार नरेठाँटी, मल्म, हरिचौर बजार, भ्युटावरलगायतका गलकोटको मुख्य बजार क्षेत्र र नाकाहरूमा २० वटा सिसी क्यामेरा जडान गरेको छ। सिसी क्यामेरा जडानपछि आपराधिक क्रियाकलाप रोक्न सकिने गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले बताउनुभयो। उहाँले बजार क्षेत्रमा सिसी क्यामेरा जडान नहुँदा प्रहरीलाई घटनामा संलग्न व्यक्तिलाई पत्ता लगाउनसमेत गाह्रो परेको बताउनुभयो। नगरपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको १० लाख रुपैयाँले मुख्य-मुख्य नाका र बजार क्षेत्रमा सिसी क्यामेरा जडान गरिएको उहाँको भनाइ छ। सिसी क्यामेराको कन्ट्रोल रुम इलाका प्रहरी कार्यालय हरिचौरमा रहने भण्डारी बताउनुहुन्छ।

नगरप्रमुख भरत शर्मा गैरेले बजारलाई व्यवस्थित गर्न सिसी क्यामेराले ठूलो टेवा पुऱ्याउने बताउनुभयो। समय-समयमा बजार क्षेत्रमा गलत क्रियाकलाप हुने र नगरपालिकाले बनाएका नीतिनियम पालन नगरेको पाइएकोमा अब सिसी क्यामेरामार्फत् निगरानी गर्ने उहाँको भनाइ छ।

Gramthan Rural Municipality
Tetariya, Morang
koshi Province, Nepal

Invitation for Bids

Date of publication: 2080/01/17

1. **Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang** invites Sealed electronic bids from Nepalese eligible bidders for the construction of **work as stated in table below.**

Contract ID/ IFB No.	Description	Estimated Amount (exclusive VAT, LS/PS)	Bid Document Fee	Bid Security	Remarks
GramthanRural/ sq/Goods/17 -079/80	Boring Samagri Kharid	844235.85	1000	24000	3rd Notice

Note: For more details visit to website: https://gramthanmun.gov.np/

यूनिटेक हाइड्रोपावर कम्पनी लि.
केंन्द्रिय कार्यालय: का.म.न.पा.-३१, काठमाडौं
फोन नं.०१-४४१०६१२३
Email: unitechhydropower@gmail.com

प्रथम वार्षिक साधारण सभा सम्वन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति:२०८०/०१/१७

आदरणीय शेयरधनी महानुभावहरु,
यूनिटेक हाइड्रोपावर कम्पनी लिमिटेडको मिति: २०८०/०१/०७ गते बसेको सञ्चालक समितिको ११ औं बैठकको निर्णय अनुसार यस कम्पनीको प्रथम बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन २०६३ अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने स्थान र मिति:
मिति:२०८० जेष्ठ ०६ गते।
समय: दिनको ११:०० बजे
स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं.-३१ काठमाडौं।
छलफलका बिषयहरु (एजेण्डा):

(क) सामान्य प्रस्ताव
१. सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.०७८/०७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,
२. आ.व.०७८/०७९